# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, वैशाख ११ गते २०५० साल (अतिरिक्ताङ्क २

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरी बक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।**

२०५० सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

### सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ लाई संशोधन गर्न बनेको अध्यादेश

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावना : सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) अध्यादेश,२०५०" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा १६१ मा संशोधन : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा १६१ को सट्टा देहायको दफा १६१ राखिएको छ :-

"१६१. ज्यान मरेमा हुने सजाय : (१) कसैले ज्यान मार्ने मनसायले सवारी चलाई कसैलाई किची वा ठक्कर दिई तत्कालै वा प्रचलित कानूनको म्याद भित्र सो मानिस मरेमा त्यसरी सवारी चलाउने व्यक्तिलाई सर्वस्व सहित जन्म कैद हुनेछ । ज्यान मार्ने मनसाय लिई त्यस्तो कार्य गरेकोमा ज्यान मर्न पाएको रहेनछ भने कसूरको मात्रा अनुसार त्यस्तो व्यक्तिलाई पाँच वर्ष देखि बाह्र वर्ष सम्म कैद हुनेछ ।

(२) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची वा ठक्कर लागि सो मानिस मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभएतापनि त्यसरी सवारी चलाउंदा कसैको ज्यान मर्न सक्ने ठूलो संभावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यस्तो मानिसको मृत्यु हुन गएको रहेछ भने त्यस्तो सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार दुई वर्ष देखि दश वर्षसम्म कैद हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कुनै कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप दुईहजार रुपैयां समेत जरिवाना हुनेछ ।

तर सर्वस्व सहित जन्म कैद हुनेमा त्यस्तो थप जरिवाना हुने छैन ।

(४) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची वा ठक्कर लागि सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद हुनेछ ।"

३. मूल ऐनको दफा १६२ मा संशोधन : मूल ऐनको दफा १६२ को सट्टा देहायको दफा १६२ राखिएकोछ :-

"१६२. अंग भंग भएमा हुने सजाय : (१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची वा ठक्कर लागि निजको अंग भंग भएमा त्यस्तो कार्य वदनियत साथ गरेको भए अन्धो वा नपुंसक मध्ये जुनसुकै कुरा भएपनि त्यसरी सवारी चलाउने व्यक्तिलाई आठहजार रुपैयांसम्म जरिवाना र आठवर्ष सम्म कैद र सो दुई खत बाहेक अन्य कुनै अंग बेकम्मा भएमा पांच हजार रुपैयांसम्म जरिवाना र आठ वर्षसम्म कैद र एउटै किसिमको काम लिने एउटा भन्दा बढी अंग हुनेमा सो मध्ये एउटा अंग मात्र बेकम्मा भएमा माथि लेखिएको सजायको आधा सजाय हुनेछ । सो खत निको भई काम लाग्ने भएमा पाँचहजार रुपैयां जरिवाना हुनेछ ।

(२) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लेखित कुनै कसूर गरेमा निजलाई पांचहजार रुपैयां थप जरिवाना समेत हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची वा ठक्कर लागि सो मानिसको अंग भंग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुईहजार रुपैयां जरिवाना हुनेछ ।"

४. मूल ऐनको दफा १६३ मा संशोधन : मूल ऐनको दफा १६३ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति वापतको बीमा रकम यथाशिघ्र भराइ दिनु पर्नेछ ।"

लालमोहर सदर मितिः- २०५०।१।११।६

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१८